# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## तारकेश्वर गाउँ कमिटी

दाङसिङ, नुवाकोट

प.सं : ०७८।०७९
च.नं. :

मिति: २०७८।०३।०६

*विषय :-* ज्ञापनपत्र सम्बन्धमा।

श्री अध्यक्ष ज्यू

तारकेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट

नेपाल कम्यूनिष्ट पार्टि एमाले यो देश को सबै भन्दा जिम्मेवार र गौरबशाली इतिहास बोकेको जनताको मन मुटुमा बस्न सफल पार्टि हो। यसले आफ्नो स्थापना काल देखी नै जनताका सुखःदुख र पिर मर्कामा सरकारमा रहदा होस् वा प्रतिपक्षमा रहदा होस् रचनात्मक ढङ्गले बहसलाई उठान गर्दै जन जिविकाका सवालमा आफ्नो आनदोलनलाई अघी बढाई रहेको सर्व विदिदै छ। नेपालको इतिहासमा जब जब एमाले सरकारको नेतृत्व गर्छ तब तब रचनात्मक र उदाहरणिय काम जनपक्षिय हिसाबले गर्न अब्बल छ भन्ने कुरा इतिहासले स्थापित गरेको छ। आफ्नो गाउँ आफै बनाउ कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरणका कार्यक्रम, राष्ट्रिय गौरबका त्रिदेशिय द्रुतमार्ग हरुको निर्माण लगायत यो राष्ट्र को विकाश मोडल नेकपा एमालेकै सरकारको पालामा भएका कुरामा कुनै दुविधा छैन।

यस तारकेश्वर गाउँपालिका को प्रथम स्थानिय सरकारको नेतृत्व नेकपा एमालेले गर्दै गर्दा सुरुको अवस्थामा एउटा कोठा वाट सपथ खाएर कार्यभार समाल्दै ६ ओटै वडामा वडा कार्यालय भवन निर्माण भुकम्पले थङथिलो भएका सम्पुर्ण विद्यालयमा पक्की संरचना सहितको पठन पाठन को सुरुवात सबै स्वास्थ्य केन्द्रहरुमा आवश्यकता अनुसारको भवन निर्माण लगायत धेरै संख्यामा सामुदायिक भवनहरुको निर्माण हाम्रो सरकारको पालामा भएको कुरा स्मरण गराउन चाहान्छौं। जुन भवनमा आज गाउँपालिका बिराजमान छ तपाईको कार्यकक्षमा आज हामी हाम्रा सुझावहरु पेश गरिरहेका छौं सो भवन पनी हाम्रै सरकारको पालामा सम्पन्न भएको थियो यस कुरामा हजुर जानकार नै हुनुहुन्छ। गाउँपालिका भवनका सवालमा जग्गाको व्यवस्थापन र बजेट सहितको टेन्डर प्रकृया सम्म पुर्याएर छोडेको काम अविलम्ब सम्पन्न होस् हामी जोडदार माग गर्न चाहान्छौं।

पा नै २

विषय प्रती हामी गम्भिर छौं। तसर्थ विगतमा भएका गलति लाई सच्याउदै सहमती सहकार्य र सह-अस्तित्वको भावनालाई स्विकार गर्दै एमालेको आखाबाट देखेका बेथिति र सच्याउन पर्ने कुरालाई तपशिलका सुझावहरु पेश गरिएको छ। पूर्ण कार्यान्वयन गर्नको लागी अनुरोध गर्दछौं।

तपशिलः

१. आगामी गाउँ सभामा पेश हुने निति तथा कार्यक्रमहरु र बजेट नितिगत रुपमा पेश गर्ने र सुत्रमा जानु पुर्व दफावार छलफल गरी पुन गाउँ सभामा लगी पास गराउन पर्ने कानुनी बाटो अबलम्वन नगरी एक मुष्ट बजेट राखीमनोगत ढङ्गले सुत्रमा पठाउने कुराको नेकपा एमाले जोडदार बिरोध गर्दछ। तसर्थ कानुनले तोके बमोजिम दफावार छलफल पश्चात पुन गाउँ सभा राखी समय सिमा भित्रै सुत्रमा पठाउने व्यवस्था गरियोस।

२. सूचनाको हक अन्तर्गत पर्ने आफ्नो अधिकार क्षेत्र भित्र प्रयोग गरी नेकपा एमालेबाट निर्वाचित तिन वटा वडा अध्यक्षहरुले लिखित रुपमा माग गरेको आ.व. २०७९/०८० को आम्दानी खर्च हिसाब झन्डै एक महिना सम्म पनी कार्यालयबाट प्राप्त नहुनाले यस कार्यालय भित्र पक्कै अनियमिता छ भन्ने कुराको पुष्टी गर्दछ। तसर्थ अभिलम्भ उक्त हिसाब सार्वजानिक गर्न जोडदार माग गर्दछौं।

३. पालिका प्रहरी खारेज गरी वार्षिक हुन जाने रु. २० लाख खर्च रकम विकास निर्माण विनियोजन गर्न आग्रह गरिन्छ।

४. विविध शिर्षकमा भइरहेको वार्षिक रु ३० लाख खर्च न्यूनिकरण गरी विविध क्षेत्रको खर्चमा न्युनता ल्याउन जोडदार माग गर्दछौं।

५. पाइप वितरण, दिर्घ रोगीहरु लाई औषधी उपचारको लागी आर्थिक सहायता वितरण, विपद् व्यवस्थापनमा आर्थिक सहायता वितरणको लागी उचित मापदण्ड बनाई आवश्यकता र औचित्यताको आधारमा बिबाद रहित रुपमा न्यायोचित रुपमा वितरण गर्न जोडदार माग गर्दछौं।

६. पुर्ववर्ती सरकारले तत्कालिन आवश्यकतालाई परिपुर्ति गर्नका खातिर बिधि र प्रकृया पुर्याएर नियुक्ती गरेका कर्मचारीहरु आस्थाको आधारमा निस्कासन गरि अनावश्यक रुपमा धेरै करारको कर्मचारीहरु राजनितिक आस्थाको आधारमा नियुक्ती गरिएकोले आवश्यक, उपयुक्त र निसपक्ष कानुनी र न्यायिक रुपमा आवश्यक र योग्य करार कर्मचारी कायम गरियोस्।

७. कार्यलयका सामाग्रीहरु मर्मत को शिर्षकमा विनियोजित बजेट सदुपयोग नभएकोले कार्यालय सामाग्री मर्मत खर्चमा कटौती गरियोस।

८. विज्ञापन तथा सूचना प्रशारणका नाममा सस्तो लोक प्रियता कायम गर्न राखिएका अनावश्यक बजेटहरु कटौती गरियोस्।

९. भ्रमण तथा वनभोज जस्ता अनुत्पादनशिल क्षेत्रमा विगतको वर्षमा बजेट विनियोजन भई अनावश्यक खर्च भएकोले यस आ.व. २०८०/०८१ मा सो बजेट कटौती गरियोस।

१०. कर्मचारीहरुलाई अभद्र व्यवहार गर्ने सिनियर कर्मचारीहरुलाई मान मर्दन गर्ने सिनियरलाई वडा तहमा पठाउने जुनियरलाई पालिका तहमा सरुवा गर्ने, कर्मचारीहरुको मनस्थिति गिराउने खाल्का काम बन्द गरियोस। ऐन नियम कानुन अनुसार कार्यक्षेत्रमा खटाईयोस।

११. कर्मचारीहरुको कार्य सम्पादनलाई छिटो छरितो सरल सहज बनाई सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शि बनाइयोस।

१२. अनुपादकशिल क्षेत्रमा फजुल खर्च कटौती गरियोस।

१३. यस गाउँपालिका भित्रका केही वडाहरुमा उपभोक्ता समिति गठन गर्दा सार्वजनिक सूचना नभई भेला नै नगरी कतिपय उपभोक्ता समिति गठन भएको र सो समितिलाई बैधानिकता दिदै पालिकाले समझौता गरी फरफारक समेत प्रदान गरेको जन गुनासो आएकोले अनिवार्य रुपमा सूचना टाँस गरीभेला डाकी सर्वपक्षिय र सर्वसहमत रुपमा योज व्कीहरुलाई समेटी गठन गरिएको उपभोक्ता समितिलाई मात्र बैधानिकता दिई कार्य सम्पादन गराउने वातावरण तयार गरियोस।

१४. भ्रस्टाचारको सवालमा विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा आईरहेका विषयवस्तु प्रती गाउँपालिकाको कुनै प्रतिकृया नआएको प्रती हामि गम्भिर छौं। यस बारेमा पालिकाको आधिकारिक धारणाको अपेक्षा गर्दछौं। साथ साथै भ्रष्टाचारमा सुन्य सहनशिलता अपनाउन जोडदार माग गर्दछौं।

१५. विभिन्न सास्कृतिक कार्यक्रम चाडपर्व मेला उत्सव का नाममा पालिकाको तर्फबाट भईरहेको अत्याधिक अनावश्यक खर्च कटौती गर्न जोडदार नाग गर्दछौं।

१६. गाउँपालिकामा भएका आन्तरिक राजस्व संकलन गरेको आय सम्पुर्ण खर्च विवरणको सार्वजनिक सुनुवाइ गर्न जोडदार माग गर्दछौं।

१७. पालिका भरिका सबै सरकारी कार्यालयहरुमा वियुतिय हाजिरि प्रणाली अविलम्व कार्यान्वयन गर्न माग गर्दछौं।

१८. सार्वजनिक खरिद ऐन अनुरुप सामाग्री खरिद गर्न पूर्ण रुपमा कानुन अनुसार कार्यान्वयन गर्न जोडदार माग गर्दछौं।

१९. सडक निर्माणको सवालमा पक्की नाला ग्राभेल र सडक कालो पत्रे को कार्यमा ध्यान दिन र स्थायी खाल्को मजबुत संरचना निर्माण गर्न जोडदार माग गर्दछौं। सडक निर्माण गर्दै गर्दा प्रत्येक वडामा घना वस्ती रहेको एरियालाई प्राथमिकता दिई सो क्षेत्रमा पिच वा ढलान कार्य गरी आवत जावतमा सहजिकरण गर्न माग गर्दछौं।

२०. विकास निर्माणको काममा पारदर्शिता जवाफदेहिता र आर्थिक मितव्यियताका साथै कानुनी बैधानिकताका लागी कम्तीमा बिस लाख माथीका सम्पुर्ण योजनाहरुलाई ठेक्का प्रकृयामा लैजान जोडदार माग गर्दछौं।

२१. वडा गत पहिचान गरी कम्तीमा एक वडा एक तारकेश्वर गौरवको आयोजना सञ्चालन गर्न जोडदार माग गर्दछौं।

२२. तारकेश्वरको मुख्य आम्दानीको श्रोत कृषी भएकाले कृषीमा यथोचित बजेट विनियोजन गर्न माग गर्दछौं।

२३. तारकेश्वरका सम्पुर्ण खेती योग्य जमिनमा सिँचाईको व्यवस्था गर्न जोडदार माग गर्दछौं।

२४. कृषिको प्रबर्धनका निमित्त उन्नत बिऊ बिजन यन्त्र उपकरण रासायनिक मल आपुर्ति सहजता साथ साथै कृषकलाई उत्पादनमा अनुदानको उपलब्धदता जोडदार माग गर्दछौं।

२५. पालिका भित्रका हाल कायम रेहेका कृषी तथा पशु प्रविधिकहरु कृषकको घरमा वा सम्बन्धित कार्यालयमा कृषकले खोजेको बेलामा नभेटिने जनगुनासो व्यास छ। सो कुराको नियमन गर्न जोडदार

माग गर्दछौं। साथ साथै एक वडा कम्तीमा एक कृषी तथा पशु प्रविधिक राखी कृषी क्षेत्र र पशुपालन क्षेत्रको विकाशको लागी जोडदार माग गर्दछौं।

२६. पालिका भित्रको सबै भु-भाकको माटो परिक्षण गरी कुन भुभागमा कुन किसिमको बाली उपयुक्त हुने हो त्यो पहिचान गरी हावा पानी र भुगोल सुहाउदो नगदे बाली र फलफुल खेतीको विकास गराउने कार्यक्रम माग गर्दछौं।

२७. कृषी तथा पशु बिमा कार्यलाई व्यापक बनाउन जोडदार माग गर्दछौं।

२८. हाल व्याप्त रहेको पशु चौपायामा लाग्ने सङ्क्रामक रोग लम्की स्कीनको नियन्त्रणका निमित अविलम्व भ्याकसिनको व्यवस्था गर्न जोडदार माग गर्दछौं।

२९. पालिकामा रहेको शिक्षा समिति एकलौटी भएकाले सो समितिमा सर्वपक्षिय बौधिक योग्य र शिक्षा विद हरु राखी समग्र शिक्षा क्षेत्रको विकास गर्न जोडदार माग गर्दछौं।

३०. तारकेश्वरका प्राय विद्यालयहरुमा निजी क्षेत्रमा कार्यरत शिक्षक शिक्षिकाको तलब समयमा दिने कुरामा स्रोतको अभावका कारण अत्यन्तै समस्या रहेकोले सो को व्यवस्थापनको निमित बजेटको व्यवस्थापन गर्न जोडदार माग गर्दछौं।

३१. प्रत्येक विद्यालयमा बिद्यार्थि मैत्री वातावरण निर्माण गरि पठन पाठन गराउने व्यवस्था मिलाउन जोडदार माग गर्दछौं।

३२. पालिकाबाट उतकृष्ट (गरिब, जेहेन्दार, र मेहनेती) बिद्यार्थि छनौट गरी प्राविधिक धारका पठन पाठन गराउनका निमित्त छात्रवृत्तिको व्यवस्था गर्न माग गर्दछौं।

३३. शिक्षक तथा कर्मचारी नियुक्ती गर्दा आफन्त ईष्टमित्र राजनितिक आस्था, विचार का आधारमा र आर्थिक चलखेल समेत हुदै नियुक्ती हुने गरेको सुनिन आएकोले सो कार्य अविलम्व बन्द गरियोस।

३४. प्रत्येक विद्यालयमा कम्पूटर ल्याब, विज्ञान प्रयोग शाला, कम्पाउण्ड, खानेपानी, लाइब्रेरी, सहितको व्यवस्थापन का निमित्त जोडदार माग गर्दछौं।

३५. कम्तिमा एक वडा एक गुणस्तरिय खेलकुद मैदान र पालिका स्तरमा रङ्ग शाला निर्माणको जोडदार माग गर्दछौं।

३६. प्रत्येक वडामा रहेका खानेपानीका मुहान हरुको सुद्धता र स्वच्छता परिक्षण गरि पानीलाई सुद्धिकरण गर्दै सबै घर धुरिमा पुग्ने गरि एक घर एक धारा स्वच्छ खानेपानी उपलब्ध गराउन जोडदार माग गर्दछौं।

३७. आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण निमित बाँकी रहेका वडाहरु २ र ६ मा अविलम्व भवन निर्माण गरी सबै वडाहरुमा दक्ष स्वास्थ्य कर्मि सहित उचित स्वास्थ्य उपचारको प्रबन्ध मिलाउन जोडदार माग गर्दछौं। पालिका स्तरमा कम्तिमा एक सुविधा सम्पन्न एम.बि.बि.एस डाक्टरको दरबन्दि सहितको हस्पिटल निर्माण गरि सञ्चालनमा ल्याइयोस।

३८. पालिकामा सञ्चालनमा रहेको एम्बुलेन्सले बिरामीलाई उचित सुविधा नदिएको गुनासो आएकाले सो कुराको अविलम्व निराकरण गरियोस।

३९. प्रत्येक स्वास्थ्य केन्द्रमा प्रयोगशाला (ल्याव) व्यवस्था गरियोस।

४०. औषधी खरिद प्रकृया गैर कानुनी रहि आएकोले ठेक्का प्रकृया मार्फत मात्र खरिद गर्न जोडदार माग गर्दछौं।

४१. महिला स्वास्थ्य स्वयम सेविकाहरुको पारिश्रमिक निरधारण गरि मासिक तलबको व्यवस्थापन गर्न माग गर्दछौं।

४२. स्वास्थ्य बिमा कार्यक्रमलाई सबै वडा तहमा तिव्रता दिन जोडदार माग गर्दछौं।

४३. महिला सश्कतिकरणको निमित्त रोजगारी प्रदान गर्ने सिप मुलक तालिम दिई महिलाको क्षमता अविवृद्धि गराउन जोषदार माग गर्दछौं।

४४. सरकारले घोषणा गरेको दिर्घ रोगीहरु (सुगर, प्रेसर, दम, क्यान्सर, मृगौला प्रत्यारोपण) को स्वास्थ्य उपचार पालिकालेनै गर्ने व्यवस्था गरियोस साथै औषधी निशुल्क वितरण गर्ने व्यवस्था गरियोस।

४५. प्रत्येक वडामा मेलमिलाप समिति गठन गरि न्यायिक समितिको सक्षमतालाई अविबृद्धि गर्न माग गर्दछौं।

४६. वन तथा वातावरण र प्रयावरणको समरक्षण तथा समबर्धन गर्न बृक्षारोपण पहिरो नियन्त्रण भुक्षय नियन्त्रणको कार्यक्रम सन्चालन गर्न जोडदार माग गर्दछौं।

४७. प्रत्येक वनको सिमाना छुट्याई घेराबार गर्ने वातावरण मिलाउन जोडदार माग गर्दछौं।

४८. विद्यमान कृषकहरुको जोलन्त समस्याको रुपमा रहेको बाँदर आतङ्कको नियन्त्रण गर्न जङ्गल भित्र बाँदरले मन पराउने प्रजातीका फलफुलको बिरुवा लगाउने कार्यको अविलम्व थालनी गर्न जोडदार माग गर्दछौं।

४९. प्रत्येक वडा कार्यालयमा कम्पाउण्डको व्यवस्था र आवश्यकता अनुसार सेवालाई चुस्त दुरुस्त बनाउन थप कोठाको व्यवास्थापन गर्न जोडदार माग गर्दछौं।

५०. पालिकाको आनतरिक आम्दानी वृद्धिका निमित्त नदि जन्य तथा खानी जन्य वस्तु उतखन्न एवम् बिक्री वितरण का निमित्त पालिकाका वस्तीहरुलाई असर नपर्नी गरि र प्रवाभित क्षेत्रलाई प्रोत्साहन्न गर्ने खाल्को ऐन कानुन र कार्य विधि निर्माण गरि सन्चालनमा ल्याईयोस।

५१. राज्यको तिन खम्बे अर्थ निति अन्तर्गत पर्ने सहकारी क्षेत्रका तमाम समस्यालाई समाधान गरी सरकारलाई सहयोग गर्ने एक अङ्गको रुपमा लिई अगाडी बढ्न जोडदार माग गर्दछौं।

५२. बजार क्षेत्रमा रहेका खाद्य तथा पेय पदार्थ अनुगमनलाई कडाई गर्दै गुणस्तरिय खाद्यान्न बिक्री वितरण गर्ने वातावरण तयार गरियोस।

५३. तारकेश्वर भित्रबाट बाहिरिने यातायातको साधनले अनावश्यक भाडा उठाउने जन गुनासो आउने गरेको र सो को नियमन आज सम्म स्थानिय सरकारले नगरेकोले अविलम्व नियमन गरि नियमानुसार अनुकुल भाडा निर्धारण गरि कार्यानव्यनमा ल्याउन जोडदार माग गर्दछौं।

यि माथि उल्लेखित सबै बुँदाहरु तारकेश्वरका जनता र आम सर्वशाधारण नागरिकका भोगाईसँग अन्तरसम्बन्धित छन्। माथिका धेरै सवालहरु पुर्ववर्ति सरकारले आफ्नो निति तथा कार्यक्रममा राख्दै अगाडी बढाई सकेको थियो। तर यो सरकार आई सकेपछी उक्त लोकप्रिय कार्यक्रमहरुलाई छाँयामा पार्दै एक वर्ष बिताएको हाम्रो बुझाई छ। तसर्थ जनताको प्रतक्ष्य सरोकार राख्ने यि विषयहरुमा सरकार गम्भिर बन्न जरुरि छ। यदी यि र यस्ता कार्यहरु आफ्नो निति तथा कार्यक्रममा ल्याएको खण्डमा यस सरकारलाई हाम्रो पार्टिको रचनात्मक सहयोग रहने छ। सरकारले गरेका हरेक गतिविधिमा हाम्रो विशेष ध्यान रहने छ। यदी सरकार